सर्वोच्च अदालत काठमाडौं

नेपाल सरकारले आयोडिनयुक्त नून (उत्पादन तथा बिक्री वितरण) ऐन, २०५५ निर्माण गरी २०५५।१०।१ मा राजपत्रमा प्रकाशित भएको र उक्त ऐनको दफा १ को उपदफा (२) मा यो ऐन नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको क्षेत्रमा तोकको मितिदेखि प्रारम्भ हुनेछ भन्ने उल्लेख गरेकोमा आजसम्म नेपाल सरकारले यो दफा बमोजिम सूचना प्रकाशित गरी क्षेत्र तोकी ऐनको व्यवस्था क्रियाशील बनाएको छैन । ऐनको प्रस्तावनामा नै आयोडिनको कमीबाट जनस्वास्थ्यमा पर्ने गम्भिर असरको वारेमा उल्लेख गरी आयोडिनयुक्त नून बिक्री वितरण गर्ने कुरा उल्लेख समेत गरिएको छ । त्यसैगरी ऐनको दफा १९ (२) ले आयोडिनयुक्त नून सम्बन्धी सूचना र शिक्षा, आयोडिनको आवश्यकता, फाइदा र आयोडिन नभएको नूनबाट मानव स्वास्थ्यमा पर्न सक्ने असरका वारेमा जानकारी दिनु पर्ने व्यवस्था गरेको छ । ऐनको दफा २(क)ले आयोडिनयुक्त नूनको परिभाषा गरेको र दफा १५ ले आयोडिनयुक्त नूनमा हुनु पर्ने गुणस्तर समितिले सिफारिस गरे बमोजिम हुनु पर्ने भन्ने उल्लेख गरिएको छ ।

आयोडिनयुक्त नूनको महत्वलाई विचार गरी संसदले २०५५ सालमा बनाएको प्रस्तुत ऐन, नेपाल सरकारले आजसम्म लागू गरेको छैन । ऐनको उद्देश्य कार्यान्वयन गर्न नियम समेत नबनाएकोले मनपरी ढंगले बजारमा अखाद्य नूनको प्रयोग भै रहेको र जनस्वास्थ्यमा प्रतिकूल असर परेको अवस्था छ । अखाद्य नूनको बिक्री वितरणमा रोक लगाउनु पर्नेमा उपभोक्ताको हित विपरितको कार्यमा सरकारले सहयोग गरेको स्थिति देखिएको छ । ऐन वनेको १० / ११ वर्ष सम्म पनि सरकारले ऐन लागू गर्ने, नियमावली बनाउने, क्षेत्र तोक्ने जस्ता आदि कार्य नगरेको हुनाले ऐन लागू गराउने अन्य प्रभावकारी उपचारको अभावमा प्रस्तुत रिट निवेदन दायर गरिएको छ । मानिसको लागि अति आवश्यक पर्ने खाद्य पर्दाथ अन्तर्गतको नून आयोडिन मापदण्ड अनुसार बजारमा सर्वसुलभ बनाउनु पर्ने दायित्व बोकेको सरकारले उपभोक्ताको हितलाई संरक्षक र संवर्द्धन गर्न सकेको छैन । ऐनको व्यवस्था लागू नहुने हो भने ऐन निर्माण गर्नुको उद्देश्य निरर्थक हुन जान्छ । कण्ठरोग, सुस्तमनस्थिति, लुलो, लंगडो, गलगाँड, गर्भ तुहिने जस्ता रोगको नियन्त्रणका लागि आयोडिनयुक्त नूनको

आवश्यकता महसूस गरिएको परिप्रेक्ष्यमा सरकारले देशको सर्व भागमा यस्तो नूनको सर्वसुलभता गराउने दायित्त्वबाट पन्छिन मिल्दैन । राज्यभर आयोडिनयुक्त नूनको आपूर्ति व्यवस्था मिलाउनु पर्ने सरकारले आफ्नो दायित्त्व पूरा गरेको स्थिति छैन । कुनै निश्चित सुविधा सम्पन्न ठाउँ तथा परिवारले मात्र आयोडिनयुक्त नूनको उपभोग गर्न पाउने गरी राज्यको नीति बन्नु हुँदैन । रोग लाग्नु र हस्पिटल बनाउनु भन्दा रोग लाग्नबाट नागरिकलाई बचाउनु राज्यको नीति हुनुपर्छ-। राज्यले नेपालीहरुको स्वास्थ्य सुविधा एवं आवश्यकता अनुसारको जिम्मेवारी वहन गर्नै पर्ने हुन्छ । बजारमा अखाद्य नून अनियन्त्रित रुपमा निकासी पैठारी भैरहेको अवस्थामा सरकारले जनताको जीवन र स्वास्थ्य प्रति उदासिनता देखाउन मिल्दैन । उपभोक्ताको हितका लागि उपभोग्य बस्तुको आपूर्तिलाई व्यवस्थित, नियन्त्रित तथा नियमित गर्नु पर्ने दायित्त्व बोकेको सरकारले सार्वजनिक हित र सरोकारसँग जोडिएको नून जस्तो आवश्यक वस्तुको बारेमा उदासिन भएर बस्न मिल्ने हुँदैन ।

नेपालमा आयात तथा बिक्री हुने नून आयोडिनयुक्त हुनु पर्ने र त्यस्तो नून विश्व खाद्य संगठन तथा युनिसेफले तोकेको गुणस्तर अनुरुपको हुनु पर्नेमा प्रभावकारी ऐनको अभावका कारण अखाद्य नूनको निकासी, पैठारी र उपभोगका कारण जनस्वास्थ्यमा प्रतिकूल असर परी सर्वसाधारण जनताले आफू स्वस्थ रहन पाउने मौलिक हकबाट बन्चित भएर बस्नु परेको छ । ऐन लागू गरी अखाद्य नूनको नियन्त्रण र आयोडिनयुक्त नूनको सर्वसुलभ नभएका कारण नेपाली नागरिकको स्वस्थ जीवनयापन गर्न पाउने हक कुण्ठित भएकोले सार्वजनिक हक र सरोकारको विषयको रुपमा प्रस्तुत निवेदन दायर गरिएको छ । नेपालको अन्तरिम संविधान २०६३ को धारा १०७ (२) बमोजिम आयोडिनयुक्त नून ( उत्पादन तथा बिक्री वितरण ) ऐन, २०५५, तुरुन्त लागू गरी आयोडिनयुक्त नूनको सर्वसुलभ गर्नु गराउनु भन्ने विपक्षीहरुको नाउँमा परमादेशको आदेश जारी गरी पाउँ भन्ने रिट निवेदनपत्र ।

यसमा, के कसो भएको हो ? निवेदकको माग बमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? यो आदेश प्राप्त भएका मितिले बाटाका म्याद बाहेक १५ दिन भित्र सम्बन्धित मिसिल साथ राखी महान्यायाधिवक्ताको कार्यालय मार्फत लिखित जवाफ पठाउनु भनी रिट निवेदनको एकप्रति नक्कल साथै राखी विपक्षीहरुलाई सूचना पठाई त्यसको बोधार्थ महान्यायाधिवक्ताको

कार्यालयमा पठाई दिनु । लिखित आएपछि वा अवधि नाघेपछि नियम बमोजिम पेश गर्नु भन्ने यस अदालतको २०६६।३।२५ को आदेश ।

नेपाल सरकार ( कार्य विभाजन ) नियमावली, २०६४ बमोजिम रिट निवेदनमा उठाएको विषयवस्तु हेर्ने क्षेत्राधिकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको भएको हुँदा यस कार्यालयलाई विपक्षी बनाउनुको कुनै औचित्य छैन । जनस्वास्थ्यको बारेमा संवेदनशील भएकै कारण नेपाल सरकारबाट आयोडिनयुक्त नून (उत्पादन तथा विक्री वितरण ) ऐनको मस्यौदा तयार भै व्यवस्थापिका संसदले ऐन पारित गरेको हो । ऐन बन्नु र लागू हुनु छुट्टा छुट्टै कार्य हुन् । नेपाल सरकारबाट ऐनमा उल्लेख भए बमोजिम उपयुक्त समयमा आयोडिनयुक्त नून ( उत्पादन तथा विक्री वितरण ) ऐन, २०५५ लागू हुने सूचना प्रकाशित गर्ने नै हुँदा निवेदन माग बमोजिमको आदेश जारी हुने अवस्था छैन । प्रस्तुत निवेदन खारेज गरी पाउँ भन्ने समेत व्यहोराको प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय तर्फबाट प्रेषित लिखित जवाफ ।

आयोडिनयुक्त नून ( उत्पादन तथा विक्री वितरण ) ऐन,२०५५ नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको क्षेत्र र तोकेको मितिदेखि प्रारम्भ गर्ने कानूनी व्यवस्था भएबाट यो ऐन मुलुकभर एकैपटक लागू गर्न नसकिने स्पष्ट छ । कानून प्रारम्भ गर्नु अघि सो को पूर्वाधार एवं तत्‌निकाय समेत निर्माण गर्नु पर्ने हुन्छ । मानव स्वास्थ्यसँग प्रत्यक्ष सरोकार राख्ने भएकोले विना गृहकार्य प्रारम्भ गर्न सक्ने आधार पनि नभएको हुँदा त्यस्ता आधारहरु ऐन अन्तर्गत बन्ने नियममा स्पष्ट तोक्नु पर्ने हुन्छ ।

ऐन बमोजिम जारी गर्ने अनुमति पत्रको लागि प्रस्तुत गर्ने दरखास्तको ढाँचा र दस्तुर, अनुमतिपत्र जारी गर्नु अघि जाँचबुझ गर्ने विधि, ढाँचा, दस्तुर, शर्त, नूनको पैठारी, आपूर्तिकर्ता, विक्री वितरण गर्दा अपनाउनु प्राविधिक कुरा, नून उत्पादन, पैठरीकर्ता, आपूर्तिकर्ता तथा वितरकले पेश गरेको नूनको लेवल तथा प्याकेजलाई स्वीकृती दिने आधार, ऐन पालना भए वा नभएको सम्वन्धमा सुपरीवेक्षण गर्ने आधार र विधि, पैठरीकर्ता, उत्पादक आपूर्तिकर्ता तथा वितरकले प्याकेजिङ तथा ढुवानी गर्दा अपनाउनु पर्ने तरिका, नूनको गुणस्तर तथा प्रमाणिकरणको विधि, लेवल स्वीकृती सम्बन्धी प्रक्रिया र विधि जस्ता कुराहरु

नियमावलीमा तोकिनु पर्ने भन्ने ऐनको व्यवस्था रहेको र नियम बन्ने प्रक्रिया भैरहेको हुँदा नियमावली प्रारम्भ नभएसम्म निवेदन दावीको कुनै औचित्य छैन । प्रस्तुत ऐन लागू गर्ने विषयमा वाणिज्य मन्त्रालय समेतसँग समन्वय गरी छलफल भै रहेको विद्यमान अवस्थामा निवेदन माग बमोजिमको आदेश जारी हुने अवस्था छैन । निवेदन खारेज गरी पाउँ भन्ने समेत व्यहोराको नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय तर्फबाट प्रेषित लिखित जवाफ ।

कुन नेपाल ऐनलाई कसरी र कहिले देखि लागू गर्ने भन्ने कुरा नीतिगत विषय भएको र त्यस्तो विषय नेपाल सरकारको सम्बन्धित निकाय र खासगरी सो ऐन कार्यान्वयन गर्ने जिम्मेवारी भएको मन्त्रालयले निर्णय गर्ने कुरा हो । यस मन्त्रालयले कानून निर्माण गर्ने सम्बन्धमा आवश्यक प्रविधिक सहयोग प्रदान गर्ने भएबाट प्रस्तुत विषयको सम्बन्धमा यस मन्त्रालयलाई विपक्षी वनाई निवेदन दायर गर्नुको कुनै औचित्य नहुँदा निवेदन खारेज गरी पाउँ भन्ने समेत व्यहोराको कानून तथा न्याय मन्त्रालय तर्फबाट प्रेषित लिखित जवाफ ।

नियम बमोजिम दैनिक मुद्दा पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत रिट निवेदनमा निवेदकतर्फबाट उपस्थित विद्वान अधिवक्ताद्वय श्री केदार मैनाली र श्री वासुदेव आचार्यले आयोडिनको कमीबाट जनस्वास्थ्यमा पर्न जाने गम्भिर असरलाई निर्मूल गर्ने उद्देश्यले आयोडिनयुक्त नून ( उत्पादन तथा विक्री वितरण) ऐन,२०५५ संसदद्वारा निर्माण गरिएको हो । २०५५ सालमा नै यसको आवश्यकता ठानी ऐन पारित भएपनि हालसम्म यो ऐन पूर्णरुपमा लागू हुन सकेको छैन । जनस्वास्थ्यको निमित्त आयोडिनयुक्त नूनको महत्व र आवश्यकता ठानी ऐन निर्माण भै सकेपछि आम नागरिकको पहुँच पुग्ने गरी विक्री वितरणको व्यवस्था मिलाउनु पर्नेमा नेपाल सरकारले हालसम्म आफ्नो दायित्त्व निर्वाह गर्न सकेको छैन । आयोडिनयुक्त नूनको कमीको कारण मानिसमा सुस्तमनस्थिति, गलगाँड, लाटो, बहिरो, पक्षघात जस्ता रोग लाग्नुको अतिरिक्त बौद्धिक क्षमतामा समेत ह्रास आउने कुरा विभिन्न अनुसन्धानले पुष्टि गरेको छ । मानिसमा मात्र नभै यसको असर वस्तुभाउलाई समेत पर्ने संभावना रहन्छ । केही शहरहरुमा आयोडिनयुक्त नूनको विक्री वितरण भए तापनि पहाड,

हिमाल, तराई सबै ठाउंमा समान रुपमा वितरण भएको स्थिति छैन । दुर्गम स्थानहरुमा अखाद्य नूनको प्रयोग त्यत्तिकै रुपमा भैरहेको तर्फ सरकारी निकाय मौन रहेर बसेको अवस्था छ । नागरिकहरुको जनस्वास्थ्यको संवेदनशील विषयमा सरकार उदासिन रहेर बस्न मिल्दैन । सर्वसाधारण जनताको हकहितको संरक्षकका लागि अन्य बैकल्पिक उपचारको अभावमा असाधारण अधिकार क्षेत्र अन्तर्गत प्रस्तुत निवेदन दायर गरिएको छ । आयोडिनयुक्त नून सर्वसुलभ रुपमा बिक्री वितरण गर्न प्रस्तुत ऐन तुरुन्त लागू गर्नु गराउनु भनी विपक्षीहरुका नाउँमा परमादेशको आदेश हुनु पर्छ भन्ने समेत व्यहोराको वहस प्रस्तुत गर्नु भयो ।

त्यसैगरी प्रत्यर्थी नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेतका तर्फबाट उपस्थित विद्वान उपन्यायाधिवक्ता श्री धर्मराज पौडेलले प्रस्तुत ऐन २०५५ सालमा निर्माण भएपनि विधायिकाले नै सरकारलाई ऐन प्रारम्भ हुने मिति तथा क्षेत्र तोक्ने अधिकार दिएको छ । ऐन निर्माण गर्ने विधायिकी अधिकार र लागू गर्ने सरकारको कार्यक्षत्र भित्र पर्ने विषय हो । यसको कार्यक्षेत्र हेर्ने जिम्मेवारी भएको बाणिज्य तथा आपूर्ति मन्त्रालयलाई निवेदनमा विपक्षी बनाइएको छैन । विधायिकाद्वारा प्राप्त अधिकारको प्रयोग गर्ने कुरा सरकारको नीतिगत विषय हो । सरकारले ऐन लागू गर्न आवश्यक पर्ने संरचना निर्माण गर्नु पर्ने र सो को लागि समय लाग्ने कुरालाई अन्यथा अर्थ गर्नु सान्दर्भिक समेत हुँदैन । उपभोक्ता संरक्षण ऐन, २०५४ अनुसारको बैकल्पिक मार्ग अनुशरण नगरी रिट क्षेत्रमा आएको अवस्था देखिएको छ । राज्यको स्रोत साधनले भ्याएसम्म उपयुक्त समयमा ऐन लागू गर्ने नै हुँदा यस्तो नीतिगत विषयमा निवेदन माग बमोजिमको आदेश जारी हुने अवस्था छैन । निवेदन खारेज हुनुपर्छ भन्ने समेत व्यहोराको वहस प्रस्तुत गर्नु भयो ।

विद्वान कानून व्यवसायीहरुको उपर्युक्त वहस जिकीर सुनी निवेदन पत्र, प्रत्यर्थीहरुबाट प्रेषित लिखित जवाफ एवं निवेदकतर्फबाट प्रेषित वहस नोट सहितको मिसिल अध्ययन गरी निर्णयतर्फ बिचार गर्दा निवेदन माग बमोजिमको आदेश जारी गर्न मिल्ने नमिल्ने के हो ? सोही विषयमा निर्णय दिनु पर्ने देखियो ।

निर्णयतर्फ बिचार गरी हेर्दा, मूलतः आयोडिनयुक्त नून (उत्पादन तथा विक्री वितरण ) ऐन, २०५५ व्यवस्थापिका संसदबाट पारित भै २०५५।१०।१ को राजपत्रमा प्रकाशित भएको र ऐनको दफा १ को उपदफा (२) मा यो ऐन नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको क्षेत्रमा तोकेको मितिदेखि प्रारम्भ हुनेछ भन्ने उल्लेख भएको र उक्त दफा १ को उपदफा (२) बमोजिम प्रत्यर्थी नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी क्षेत्र तोकी ऐन क्रियाशील गराउने तर्फ आफ्नो दायित्त्व निर्वाह गरेको स्थिति छैन । आयोडिनको कमीबाट जनस्वास्थ्यमा पर्न जाने असरलाई कम गर्ने उद्देश्यले निर्मित ऐनको व्यवस्था लागू नगरेको कारण सर्वसाधारण नागरिकले अखाद्य नूनको प्रयोग गर्न वाध्य भै जनस्वास्थ्यमा प्रतिकूल असर परेका स्थिति हुँदा ऐनको उद्देश्य कार्यान्वयन गर्न तत्काल आवश्यक व्यवस्था गर्नु भन्ने प्रत्यर्थी नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय समेतका नाममा परमादेशको आदेश जारी गरी पाउँ भन्ने मुख्य रिट निवेदन जिकिर लिएको पाइयो । जनस्वास्थ्यको वारेमा संवेदनशील भएकै कारण आयोडिनयुक्त नून ( उत्पादन तथा विक्री वितरण) ऐन, २०५५ लाई व्यवस्थापिका संसदले ऐनको रुपमा पारित गरेको हो । ऐन वन्नु र ऐन लागू हुनु दुई छुट्टा छुट्टै कार्य भएको र नेपाल सरकारबाट उपयुक्त समयमा उक्त ऐन लागू हुने सूचना प्रकाशित गर्ने नै हुँदा हाल निवेदन माग बमोजिमको आदेश जारी हुनु पर्ने अवस्था छैन भन्ने नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय तर्फबाट तथा नूनको पैठारी, आपूर्ति एवं विक्री वितरण इत्यादि गर्दा अपनाउनु पर्ने आधारभूत प्रक्रियाहरुको वारेमा नियमावलीमा तोकिनु पर्ने ऐनको व्यवस्था अनुसार नियमावली वन्ने प्रक्रियामा रहेको र नियमावली प्रारम्भ नभएसम्म निवेदन माग बमोजिम ऐनको व्यवस्था लागू हुन नसक्ने भएकोले माग बमोजिमको आदेश जारी हुने अवस्था नभएको भन्ने प्रत्यर्थी नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय तर्फबाट लिखित जवाफ प्रेषित गरेको देखियो ।

आयोडिनयुक्त नून ( उत्पादन तथा विक्री वितरण ) ऐन, २०५५ को प्रस्तावना हेर्दा, **आयोडिनको कमीबाट जनस्वास्थ्यमा पर्न जाने व्यापक र गम्भिर असरलाई कम खर्चिलो र सरल तरिकाले निवारण र निर्मुल गर्न आयोडिनयुक्त नूनको समुचित मात्रामा उत्पादन,**

पैठारी, आपूर्ति, विक्री वितरण तथा नूनमा आयोडिन मिश्रण गर्ने व्यवस्था गर्न वाञ्छनीय भएकोले भन्ने उल्लेख गरी सो ऐन ल्याईएको देखिन आउँछ । उक्त ऐनको दफा १ को उपदफा (२) मा " यो ऐन नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको क्षेत्रमा तोकेको मितिदेखि प्रारम्भ हुनेछ " भन्ने कानूनी व्यवस्था हुनुका अतिरिक्त नियम वनाउने अधिकार अन्तर्गत दफा २९ मा यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियम बनाउन सक्नेछ भन्ने उल्लेख भएको देखिन्छ । प्रस्तुत आयोडिनयुक्त नून ( उत्पादन तथा विक्री वितरण ) ऐन, २०५५ विधायिकाद्वारा पारित गरी २०५५।१०।१६ मा लालमोहर सदर भै सोही मितिको नेपाल राजपत्र, खण्ड ४८, अतिरिक्ताङ्क ६५, भाग २ मा प्रकाशित भएको र उक्त ऐनको दफा १ को उपदफा (२) को व्यवस्था बमोजिम नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको क्षेत्रमा तोकेको मितिदेखि प्रारम्भ भएको अर्थात ऐनको व्यवस्था क्रियाशील भै सकेको भन्ने कुरा प्रत्यर्थी नेपाल सरकार तर्फबाट प्रेषित लिखित जवाफ व्यहोरामा उल्लेख भएको पाइएन । आयोडिनयुक्त नूनको कमीवाट जनस्वाथ्यमा पर्न जाने व्यापक र गम्भिर असरलाई कम खर्चिलो र सरल तरिकाले निवारण र निर्मूल गर्ने तथा समुचित मात्रामा उत्पादन, पैठारी, आपूर्ति, विक्री वितरण तथा नूनमा आयोडिन मिश्रण गर्ने व्यवस्था गर्न वाञ्छनीय भएको भनी व्यवस्थापिका संसदबाट २०५५ सालमा ऐन पारित भएको र प्रस्तुत ऐनको व्यवस्था कार्यान्वयन सम्बन्धमा नेपाल सरकारले आवश्यक नियम बनाउन सक्नेछ भनी ऐनको दफा २९ ले नेपाल सरकारलाई उक्त ऐनको व्यवस्था कार्यान्वयन गर्न विशेष दायित्त्व तोकेको देखिन्छ ।

यसरी २०५५ सालमा आम जनसमुदायको स्वास्थ्यलाई हृदयंगम गरी आयोडिनयुक्त नूनको विक्री वितरण सम्बन्धमा विशेष ऐनद्वारा व्यवस्थित गर्ने विधायिकी उद्देश्यलाई कार्यान्वयन गर्ने सम्बन्धमा यति लामो अवधिसम्म नेपाल सरकारले आफ्नो कर्तव्य एवं दायित्त्व निर्वाह गरेको भन्ने मिसिलको तथ्यवाट देखिन आएन । आयोडिनयुक्त नूनको विक्री वितरण व्यवस्थित गर्ने सम्बन्धमा नियमावली बन्ने प्रक्रियामा रहेको भन्ने नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको लिखित जवाफ व्यहोरामा उल्लेख भएतापनि ऐनको

व्यवस्था कार्यान्वयन गर्न नियमावली वन्ने प्रक्रियामा रहेको भन्ने अमुक लेखाइसम्मकै आधारमा तत्काल नियमावली बनी ऐनको कार्यान्वयन हुने कुरामा विश्वस्त हुन सकिने आधार पनि देखिन्न आएन । ऐनको व्यवस्थावाटै कार्यान्वयन गर्ने सम्वन्धमा नेपाल सरकारलाई स्पष्ट कर्तव्य तोकी दिएको अवस्थामा ऐनको व्यवस्था कार्यान्वयन गर्न के कस्तो कठिनाई आइपरेको हो वा के कुन कारणले ऐन पारित भएको करिव १२/ १३ वर्षको लामो अवधिसम्म सो ऐनको व्यवस्था लागू गर्न नसकिएको हो भन्ने सम्वन्धमा तथ्ययुक्त एवं सन्तोषप्रद आधार उल्लेख गरी लिखित जवाफ प्रेषित गरेको वा प्रत्यर्थी नेपाल सरकारको प्रतिनिधित्व गर्ने विद्वान उपन्यायाधिवक्ताले वहसको क्रममा इजलास समक्ष अवगत गराएको अवस्था पनि देखिएन ।

जनस्वास्थ्यसँग सम्वन्धित रहेको आयोडिनयुक्त नूनको कमीवाट हुने गम्भीर असरलाई कम गर्ने विषयमा व्यवस्थापिका संसदबाट विशेष ऐनको व्यवस्था महसूस गरी २०५५ सालमा पारित ऐनको व्यवस्था प्रत्यर्थी नेपाल सरकारवाट हालसम्म कार्यान्वयनमा ल्याएको नदेखिएको यस स्थितिमा प्रत्यर्थी नेपाल सरकार एवं सरकारका निकायवाट कानूनले तोकको कर्तव्य पालना गरेको पाइएन । अतएव: नेपाली जनताको शारीरिक मानसिक स्वास्थ्यको विकासको निमित्त आयोडिनयुक्त नूनको विक्री  वितरण व्यवस्थित गरी सर्वसुलभ रुपमा उपलब्ध गराउनु आवश्यक भएको र सो कुरालाई मध्यनजर राखी आयोडिनयुक्त नून (उत्पादन तथा विक्री वितरण) ऐन ल्याइएको भएपनि उक्त ऐनको दफा (१) को उपदफा (२) अनुसार नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको क्षेत्रमा तोकेको मितिदेखि प्रारम्भ गर्नु पर्ने भनी उल्लेख भएकोमा नेपाल सरकारवाट उक्त ऐन प्रारम्भ गर्न आवश्यक र समूचित प्रयाश भएको नदेखिनाले नेपाल सरकारले आफ्नो दायित्त्व पूरा गरेको मान्न मिलेन ।

तसर्थ नेपाली जनताको शारीरिक एवं मानसिक स्वास्थ्यको सुरक्षा एवं संरक्षणको लागि उक्त ऐन लागू गर्नु वाञ्छनीय भएको कुरामा विबाद नभएकोले सो ऐन लागू गर्न आवश्यक तत्परता देखाई सो सम्वन्धमा वनाउनु पर्ने नियमहरु अविलम्व बनाई प्रस्तुत आयोडिनयुक्त नून ( उत्पादन तथा विक्री वितरण ) ऐन, २०५५ को व्यवस्था कार्यान्वयन गर्ने सम्वन्धमा आवश्यक व्यवस्था गरी ऐनको दफा ( १) को उपदफा (२) बमोजिम तोकेको क्षेत्रमा तोकेको

मितिदेखि लागू गर्नु भनी नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय समेतका नाउँमा निर्देशात्मक आदेश जारी गरी दिएको छ । प्रस्तुत आदेशको जानकारी महान्यायाधिवक्ताको कार्यालय मार्फत प्रत्यर्थी निकायहरुलाई पठाई मिसिल नियम बमोजिम बुझाई दिनु ।

न्यायाधीश

उक्त रायमा सहमत छु ।

प्रधान न्यायाधीश

इति सम्वत २०६७ साल असार २४ गते रोजन ५ शुभम् ........................................ इजलास

उ. अधिकृत:- पुनाराम खनाल

कम्प्युटर टाइप गर्ने : सुन्दरबहादुर कार्की